मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, नेपाल

# कृषि पर्यटन (Agro tourism) प्रवर्धन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८२

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय) निर्णयवाट तत्काल लागू हुने गरी यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधी स्वीकृत गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि पर्यटन (Agro tourism) प्रवर्धन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८२" रहेको छ ।

(२) यो प्राविधिक मापदण्ड तथा संचालन विधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधिमाः

(१) "विधि" भन्नाले कृषि पर्यटन प्रवर्धन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८२ सम्झनु पर्दछ ।

(२) "कार्यक्रम" भन्नाले कृषि पर्यटन सँग सम्वन्धित कार्यक्रम सम्झनु पर्दछ ।

(३) "कृषि पर्यटन" भन्नाले दिगो कृषि प्रणाली, वन जंगलको सौन्दर्यता, ग्रामिण जीवन, कला, संस्कृति तथा सम्पदाहरु र पर्यटनको एकीकृत प्रवर्धन मार्फत स्थानीय समुदायलाई आर्थिक एवं सामाजिक रुपमा लाभ प्रदान गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(४) "केन्द्र" भन्नाले निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

(५) "कृषि" भन्नाले कृषि, पशुपन्छी र मत्स्य क्षेत्र सम्झनु पर्दछ ।

(६) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

(७) "निर्देशनालय" भन्नाले मधेश प्रदेशको कृषि विकास निर्देशनालय सम्झनु पर्दछ ।

(८) "मन्त्रालय" भन्नाले मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(९) "साझेदार संस्था" भन्नाले यस कार्यक्रम सञ्चालन गर्नका लागि आवेदन दिने कृषक, कृषक समुह, सहकारी र निजी फर्मलाई सम्झनु पर्दछ ।

(१०) "स्थानिय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगर र महानगरपालिका र वडा कार्यपालिकाहरु लाई सम्झनु पर्दछ ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

**३. उद्देश्यः** यस विधिको उद्देश्य देहाय बमोजिमको हुनेछ

(१) कृषि पर्यटनको विकास गरि ग्रामिण अर्थतन्त्रलाई सबल बनाउन ।

(२) ग्रामिण क्षेत्रमा रोजगारिको अवसर सिर्जना गर्दै बैदेशिक रोजगारीको विकल्पको रुपमा कृषिमा आकर्षण गराउने ।

(३) कृषि पर्यटनका माध्यम वाट स्थानिय कला, संस्कृतिको सम्बर्धन गर्दै कृषि जन्य उत्पादनको बजार बिस्तार र सुनिश्चितता-गर्ने ।

**४. प्रस्तावनामा समावेश हुन सक्ने विषयगत क्षेत्रहरूः** देहायको विषयमा प्रस्ताव पेश गर्न सकिनेछ।

(१) फलफुल बगैंचा स्थापना

(२) मौरीपालन

(३) स्थानिय प्रबिधिः हलो-जुवा,ढिकी-जाँतो र कुलो पानी जस्ता परम्परागत प्रविधिको संरक्षण

(४) कृषि व्यवसाय व्यवस्थापनः कृषि उपजको ब्रान्डिङ्ग,प्याकेजिङ्क र बजार व्यवस्थापन गर्ने |

(५) भू-परिदृश्य (Landscape and Gardening)

(६) फार्म घेरबार सम्बन्धमाः भौतिक निर्माण सम्बन्धी कार्यहरू

**५. सूचना प्रकाशनः** (१) कार्यालयले पन्ध्र दिनको म्याददिई राष्ट्रिय स्तर पत्रिकामा अनुसुचि-१ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी इच्छुक लाभग्राहीहरुबाट प्रस्ताव माँग गर्नेछ । उक्त म्याद भित्र पर्याप्त अनुसूचि-२ बमोजिमको आवेदन पेश हुन नआएमा पुनः ७ दिनको म्याद थप गरि सूचना प्रकाशन गर्ने सकिनेछ र उक्त थप म्याद भित्र सम्म जतीसुकै सँख्यामा प्रस्ताव संकलन भए पनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

(२) प्रस्तावको ढाँचा मूल्याङ्कन समितिले तयार गर्न सक्ने छ |

**६.मूल्याङ्कन समितिः** (१) यस विधिको अनुसूची ०३ मा उल्लेखित न्युनतम मापदण्डहरु पुरा गरेका साझेदार संस्था बाट प्राप्त आवेदनको मूल्याङ्कन गर्न तपशिल अनुसारको मूल्याङ्कन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको अधिकृत, केन्द्र | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) कार्यक्रम संचालन गर्ने जिम्मेवार अधिकृत प्रतिनिधि, केन्द्र | सदस्य सचिव |

डा. संजय कुमार यादव
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

(२) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार बढिमा दुई (२) जना सम्वन्धित विषयको विज्ञलाई संयोजकले आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले स्थलगत प्रमाणीकरण पश्चात प्रस्तावित क्रियाकलापको अपेक्षित उद्धेश्यसँग सम्बन्धी भए/नभएको आदि हेरी क्रियाकलाप अनुसारको परियोजनाको कूल लागत अनुमान सहित मूल्याकन गर्नु पर्नेछ।

(४) मूल्याङ्कन समितिले मूल्याङ्कन पश्चात प्रस्तावहरु स्वीकृतिका लागि केन्द्रमा पेश गर्नुपर्नेछ ।

(५) मूल्याँकन भई सिफारिस सहित पेश भएको प्रस्तावनाको क्रियाकलाप अपेक्षित उद्धेश्यसँग सम्बन्धीत भए/नभएको आदि हेरी क्रियाकलाप तथा बजेट समेतको अध्ययन विश्लेषण गरी परियोजनाको कुल लागत अनुमान सहित परियोजना तथा बजेट कार्यालय प्रमुखले स्वीकृत गर्नेछ।

(६) छनौट भएका साझेदार संस्था लाई कार्यक्रम सञ्चालनका लागि अनुसूचि ०४ बमोजिमको ढाँचामा सम्झैता गरी कायदिश दिन सकिनेछ ।

**७. अनुदानको अधिकतम सिमा:**(१) यस कार्यक्रम अन्तरगतको प्रस्तावना स्विकृत गर्दा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि,२०७६" मा व्यवस्था भए बमोजिम क्रियाकलाप अनुसारको अनुदानको अधिकतम सिमा हुनेछ ।

**८. अनुगमन तथा प्रतिवेदनः** (१) केन्द्रले कार्यसम्पादन पश्चात प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(२) कार्यक्रमको उद्देश्य अनुरुप कार्य सम्पादन तथा प्रगति सम्बन्धमा मन्त्रालय तथा निर्देशनालयले अनुगमन हुन सक्नेछ।

**९. संशोधनः** मन्त्रालयले यस विधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१०. प्रचलित कानून बमोजिम हुनेः** यस विधिमा उल्लेख भएका विषयमा यसै विधि बमोजिम हुने र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

**अनुसूची—१**
**(बुँदा ५ संग सम्बन्धित)**
**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८...... /..../.....

यस कार्यालयको ................................., को चालु आ. व............ को स्वीकृत कार्यक्रम अनुसार कृषि पर्यटन प्रवर्धन कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

(१) निवेदन पत्र (आवेदन फारम):तोकिएको ढाँचामा भरिएको निवेदन।

(२) प्रस्तावः प्रस्तावित कार्यक्रमको उद्देश्य, कार्ययोजना, अनुमानित बजेट, अपेक्षित परिणाम लगायतका विवरणसहित।

(३) नागरिकताको प्रतिलिपिःनिवेदकको प्रमाणित प्रतिलिपि।

(४) स्थानीय तहको सिफारिस पत्र (पालिका/वडा कार्यालयबाट)

डा. संजय कुमार यादव
प्रदेश सचिव

कृषि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश सरकार
जनकपुरधाम, धनुषा, नेपाल

## अनुसूची–२
## (बुँदा ५ संग सम्बन्धित)
## आवेदन फारम

मितिः

श्रीमान् प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र
............ ।

विषयः कृषि पर्यटन प्रवर्धनका लागि अनुदान सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ ज्ञान केन्द्र बाट सूचना भए अनुसार कृषि पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि म (आवेदकको नाम, थर ठेगाना)....................................ले व्यवसायिक योजना तथा दफा ४ मा उल्लेख भए बमोजिमका क्रियाकलापका लागि जम्मा रकम रु ................अक्षरुपी रु ....................................... को योजना तयार गरी आवस्यक अन्य कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछुँ । योजनामा उल्लेख भएको कुल लागत मध्ये तहाँबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम बाहेकका अन्य रकम आवेदक म स्वयमले नगद तथा जिन्सी बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ केन्द्रबाट संचालित यस कार्यक्रममा छनोट गरिपाउँ भनी अनुरोध छ ।

तपसिलः

(१) नागरिकताको प्रमाण पंत्रको प्रतिलिपि,

(२) संस्था दर्ताको प्रमाण पत्र, स्थाई लेखा नम्वर(PAN)

(३) लागत साझेदारीका श्रोतहरुको आधार (बैंक स्टेटमेन्ट वा बैंकको letter of intent)

(४) कृषि पर्यटन प्रवर्धन क्रियाकलाप संचालनका लागि आवस्यक न्युनतम १ बिगाहा जग्गा को धनीपुर्जा, तिरो रसिद (आफ्नो निजी वा १० वर्षको लिज सम्झौता)

(५) प्रस्तावित स्थलको फोटो,

(६) प्रस्तावित जमिनमा सडक पानी तथा विजुली रहे नरहेको प्रमाणको कागज ।

निवेदकको नामः

दस्तखतः

डा. संजय कुमार यादव
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

<u>अनुसूचिः ०३</u>

<u>बुँदा ६ सँग सम्बन्धित</u>

<u>न्युनतम मापदण्ड</u>

१. न्युनतम क्षेत्रफलः १ बिघा (सबै गरेर)

२. माछा पोखरीः न्युनतम ५ कठ्ठामा भएको हुनुपर्ने

३. रैथाने बाली खेति गरिरहेको जग्गाको क्षेत्रफलः ५कठ्ठा

४. फलफुलको बगैंचा हुनुपर्ने

५. सडक र बिजुलि बत्तिको सुविधा भएको

डा. संजय कुमार यादव
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूची–४

बुँदा ६(६) सँग सम्बन्धित

सम्झौता

श्री ....................,................................ (यस पछि प्रथम पक्ष भनिने) र ....................... जिल्ला...................... पालिका वडा नं........ को श्री ...................... (यस पछि दोश्रो पक्ष भनिने) बीच सहकार्यमा आ.व. २०८..../..... को कृषि पर्यटन प्रवर्धन कार्यक्रममा मधेश प्रदेशको ...........................जिल्ला.............................. पालिकाको वडा नं................मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल:

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले यो कार्यक्रम सञ्चालनका लागि स्वीकृत प्रस्ताव तथा लागत ईष्टिमेट अनुसार कार्य गर्नु पर्नेछ। सम्झौता बोजिमको कार्यक्रम मिति...............साल.................महिना..............गते सम्म सम्पन्न गरी आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले स्वीकृत लागत इष्टिमेट अनुसार.................... कार्य गरेको हुनु पर्ने छ। यसरी कार्यक्रमको कुल लागतको बढीमा ....... प्रतिशतले हुन आउने रु. .................अक्षेरुपी ........................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

४. सम्झौता भएको मितिले १५ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।

५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ ।

६. आयोजना समपन्न भई हस्तान्तरण भईसकेपछि सोको सम्बन्धित सम्पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

७. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै बिबाद आएमा प्रथम पक्षको निर्णय नै अन्तिम मानिनेछ ।

८. दोश्रो पक्षद्वारा वदनियतपूर्ण तरिकाले जानीजानी वा अन्जानमा भए पनि नियमानुसार प्राप्त गरेको सरकारी अनुदान दुरुपयोग भएको ठहर भएमा प्रचलित कानुन बमोजिम दण्ड/सजाय भोग्नु पर्नेछ।

९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| कार्यालयको नाम र छापः | संस्थाको नाम र छाप : |
| मितिः | मितिः |
| साक्षीहरु | साक्षीहरु |

डा. संजय कुमार यादव
प्रदेश सचिव